## चिङ्गाड गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १० संख्या : ५ पुडखेत, सुर्खेत मिति :२०८३।०६।०७

भाग-१

चिङ्गाड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पुडखेत, सुर्खेत

सूचना

चिङ्गाड गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## चिङ्गाड गाउँपालिका कृषि तथा पशुपन्छी विकास ऐन, २०८३

सम्बत् २०८३ सालको ऐन नं. ५

गाउँ सभाबाट स्वीकृत मितिः २०८३।०६।०६

प्रमाणीकरण मितिः २०८३।०६।०७

प्रस्तावनाः नेपालको संविधान बमोजिम खाद्य सम्बन्धी हकको संरक्षण गर्दै चिङ्गाड गाउँपालिका क्षेत्रमा कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी र कृषि सेवाको व्यवस्थापन, सञ्चालन र नियन्त्रणलाई व्यवस्थित तवरले कार्यान्वयन गर्दै, कृषि प्रणालीलाई दिगो, आधुनिकीकरण, यान्त्रीकरण, बजारीकरण र व्यावसायिकरण गरी समग्र कृषि क्षेत्रको विकास, व्यवस्थापन र सुशासन कायम गरी कृषिमा आश्रित घर परिवार तथा समुदायको आर्थिक सम्वृद्धि हासिल गर्न आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चिङ्गाड गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "चिङ्गाड गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास ऐन, २०८३" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "कृषि" भन्नाले अनुसूची-१ मा उल्लेख भए बमोजिमका विषयसँग सम्बन्धित कृषि र कृषिजन्य उपजलाई सम्झनुपर्दछ र सो शव्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ।

(ख) "गाउँपालिका" भन्नाले चिङ्गाड गाउँपालिका सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले चिङ्गाड गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ।

(घ) "सभा" भन्नाले चिङ्गाड गाउँपालिकाको गाउँ सभा सम्झनुपर्छ।

(ङ) "कृषक" भन्नाले कृषिलाई मुख्य पेसा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले निजमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सोभन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने व्यक्ति वा परिवारका सदस्य समेतलाई जनाउँछ।

(च) "कृषक समूह" भन्नाले स्थानीय तहमा दर्ता भई कृषि उत्पादन तथा पशुपन्छी पालन व्यवसायमा संलग्न किसानको समूहलाई सम्झनुपर्छ।

(छ) "कृषि सहकारी" कृषि सहकारी भन्नाले सहकारी ऐन अन्तर्गत कृषि तथा पशुपन्छी व्यवसाय गर्ने मूल उद्देश्य राखी दर्ता भएको सहकारी संस्थालाई सम्झनुपर्छ।

(ज) "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि, निर्देशिका, मार्गदर्शन, मापदण्डमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(झ) "पकेट क्षेत्र" भन्नाले गाउँपालिका क्षेत्रको आवश्यकता र स्थानीय सम्भाव्यताका आधारमा कृषि र पशुपन्छीजन्यको व्यावसायिक उत्पादन हुने क्षेत्रलाई सम्झनुपर्छ।

(ञ) "स्थानीय कृषि स्रोत व्यक्ति" भन्नाले कृषि सम्बन्धी व्यवसाय, कृषि सामग्री आपूर्ति, वा कृषि प्रसारमा संलग्न ग्रामीण कृषि कार्यकर्ता, ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता, कृषि तथा पशुपन्छी सम्बन्धी अध्ययन गरेका, कृषि तथा पशुपन्छी क्षेत्रमा तालिम हासिल गरेका, नर्सरी धनी, एग्रोभेट संचालक, कृषि तथा पशुपन्छी सेवाबाट सेवा निवृत्त कर्मचारी, कृषि सहकारी संचालक, कृषि उद्यमी, व्यवसाय विकास सेवा प्रदायक, सेवा प्रदायक, वित्तीय बिमा सहजकर्ता आदि जसले आफूले काम गरी अनुभव हासिल गरेका, जानेका विषयमा कृषक, कृषक समूह, कृषि सहकारी तथा कृषि उद्यमीहरूलाई तालिम तथा प्राविधिक सेवा दिन सक्ने व्यक्तिलाई जनाउँनेछ।

(ट) सामुदायिक चौपायाः सामुदायिक चौपाया भन्नाले चिङ्गाड गाउँपालिका क्षेत्र भित्रका कुनै व्यक्ति विशेषको व्यक्तिगत स्वामित्वमा सिमित नरही स्थानीय समुदाय वा स्थानीय तहद्वारा सामूहिक रूपमा पालनपोषण, व्यवस्थापन र प्रयोग गरिने चारखुट्टे घरपालुवा जनावरलाई जनाउँनेछ।

## परिच्छेद-२

## स्थानीय कृषि तथा पशुपन्छी सम्बन्धी निर्देशक सिद्धान्त

३. मार्ग निर्देशनका रूपमा रहनेः (१) यस परिच्छेदको दफाहरूमा उल्लेखित निर्देशक सिद्धान्त मार्ग निर्देशनका रूपमा रहनेछन्।

(२) कार्यपालिकाले यस परिच्छेदको दफाहरूमा उल्लेखित सिद्धान्तको कार्यान्वयन गर्न आवश्यकता अनुसार संस्थागत संरचना, जनशक्ति एवं स्रोत साधनको व्यवस्थापन र परिचालन गर्न सक्नेछ।

४. निर्देशक सिद्धान्तः (१) स्थानीय संस्कृति परम्पराको सम्मान र संरक्षण तथा जैविक विविधताको जगेर्ना गर्दै तुलनात्मक बाली तथा पशुपन्छीजन्य उपजमा व्यावसायिकरण एवं विशिष्टिकरण गरी खाद्यान्नमा आत्मनिर्भर बनाउन खाद्य सम्प्रभुताका आधारभूत मान्यता र मापदण्ड अनुसारको दिगो कृषि प्रणाली अपनाउने।

(२) समग्र कृषि क्षेत्रको विकास, व्यावसायिकरण र विशिष्टिकरणका लागि सरकारी, सहकारी तथा निजी क्षेत्रको साझेदारी एवं सहकार्यलाई आत्मसाथ गरी कार्यान्वयन गर्ने, यसका लागि सहकारी खेती, चाक्लाबन्दी, करार खेतीमा प्रोत्साहन गर्ने।

(३) कृषि क्षेत्रमा रोजगारीका अवसर सृजना गर्न कृषि उद्यमको स्थापना तथा सञ्चालनमा जोड दिई कार्यक्रम सञ्चालन गर्ने, युवा वर्गलाई श्रम सहकारी, कृषि व्यवसाय तथा उद्यमसँग जोडी थप रोजगारीको अवसर सृजना गर्ने।

(४) कृषि क्षेत्रमा आश्रित महिला तथा पुरूष कृषक, (विपन्न, साना किसान, महिला, दलित, आदिवासी जनजाति तथा युवा वर्ग) लाई कृषि प्रविधिमा पहुँच, कृषि प्रविधि अवलम्बन गर्ने क्षमताको विकास, यस्ता वर्गमैत्री प्रविधिको विकास र प्रवर्द्धन गरी कृषिलाई सम्मानजनक पेसा एवं आर्थिक समृद्धिका माध्यमको रूपमा विकास गर्ने।

(५) कृषि क्षेत्रमा स्थानीय स्रोत साधनको सदुपयोगमा जोड दिने र प्राङ्गारिक उत्पादन तथा बजारीकरणलाई प्रोत्साहन गरी मानव एवं पशुपन्छी स्वास्थ्यमा हानि पुऱ्याउने रसायन एवं विषादीको प्रयोगलाई निरुत्साहित गर्ने।

(६) कृषि कार्यका लागि बजेट तथा कार्यक्रम तर्जुमा गर्ने, कृषक एवं कृषि उद्यमीलाई उपलब्ध गराउने सहलगानीलाई व्यवस्थित, पारदर्शी र न्यायोचित बनाउन सोको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई व्यवस्थित बनाउने।

(७) नेपाल सरकारको भू-उपयोग नीति र कानूनका आधारमा कृषियोग्य भूमिको संरक्षण र दिगो उपयोग गर्दै संघ, प्रदेश र गाउँपालिकाको कृषि विकासको रणनीति एवं समग्र विकासको लक्ष्य हासिल गर्न योगदान गर्ने।

## परिच्छेद-३

## कृषि सेवाको सञ्चालन, व्यवस्थापन तथा नियमन

५. कृषि सेवाको सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी व्यवस्थाः (१) कृषि सेवाको सञ्चालन, व्यवस्थापन र नियमनका लागि कार्यपालिकाले आवश्यक संस्थागत संरचनाको स्थापना गर्न सक्नेछ।

(२) कृषि सेवालाई भरपर्दो, पहुँचयोग्य र सेवा प्रवाहमा सहज गराउन कार्यपालिकाले वडास्तरमा कृषि सेवा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम स्थापना तथा सञ्चालन हुने संरचनाको लागि कार्यपालिकाले आवश्यक पर्ने जनशक्ति सेवा करारमा पदपूर्ति तथा व्यवस्थापन गर्न सक्नेछ।

६. कृषि तथा पशु विकास समिति गठन सम्बन्धी व्यवस्थाः (१) कृषि क्षेत्रको विकासमा नीति निर्माण, योजना तर्जुमा, कृषि सेवामा जवाफदेहिता एवं पारदर्शिता, कार्यान्वयन तथा अनुगमन र समन्वयमा सहजीकरण गर्न तोकिएबमोजिम कृषि तथा पशुपन्छी विकास समिति गठन हुनेछ।

(२) कृषि तथा पशुपन्छी विकास समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

७. कृषक समूहको दर्ता, नवीकरण र खारेजी सम्बन्धी व्यवस्थाः (१) कृषक समूहको दर्ता, नवीकरण र खारेजी सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

८. स्थानीय कृषि स्रोत व्यक्तिको पहिचान, विकास तथा परिचालनः (१) गाउँपालिकाले कृषि उपज मूल्य श्रृङ्खलामा प्राविधिक सेवा पुर्‍याउन गाउँपालिका भित्र रहेका स्थानीय कृषि स्रोत व्यक्तिको पहिचान, क्षमता विकास र आवश्यकता अनुसार परिचालन गर्न सक्नेछ।

(२) स्थानीय कृषि स्रोत व्यक्तिलाई गाउँपालिका आफै वा सार्वजनिक, सामुदायिक निजी साझेदारी मोडेलमा परिचालन गर्न सकिनेछ।

९. स्थानीय तहमा स्रोत केन्द्रको स्थापना तथा सञ्चालनः (१) स्थानीयस्तरमा कृषि प्रविधिको परीक्षण प्रदर्शन र विस्तारका लागि आवश्यकता अनुसार स्रोत केन्द्रको स्थापना तथा सञ्चालन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको स्रोत केन्द्र सञ्चालनको लागि सार्वजनिक, सामुदायिक र निजी साझेदारीको अवधारणा अवलम्बन गर्न सकिनेछ।

## परिच्छेद-४

## प्राङ्गारिक तथा जैविक खेती प्रवर्द्धन सम्बन्धी व्यवस्था

१०. प्राङ्गारिक मल उत्पादन सम्बन्धी व्यवस्थाः (१) गाउँपालिकाले प्राङ्गारिक मलको उत्पादनको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्राङ्गारिक मल उत्पादनको लागि गाउँपालिका आफै वा तोकिएबमोजिम प्राङ्गारिक मल कारखाना स्थापना वा सञ्चालन गर्न अनुमति प्रदान गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम स्थापना हुने कारखानाको सञ्चालन प्रक्रिया, मापदण्ड, र उत्पादित मलको बिक्री वितरण सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-५

## सामूहिक तथा करार खेती, पकेट क्षेत्र विकास तथा सञ्चालन

११. सामूहिक तथा सहकारी खेती सम्बन्धी व्यवस्थाः साना तथा विपन्न कृषकलाई व्यवसायतर्फ उन्मुख गर्न सामूहिक तथा सहकारी खेतीलाई प्रोत्साहन गर्न सकिनेछ।

१२. करार खेती सम्बन्धी व्यवस्थाः (१) गाउँपालिकाले कृषि उत्पादनयोग्य जमिनको उचित सदुपयोग तथा व्यावसायिकरणका लागि करार खेतीलाई प्रर्वद्धन गर्न सक्नेछ।

(२) गाउँपालिका भित्र रहेका पर्ति, ऐलानी जग्गा कृषि प्रयोजनका लागि करारमा दिन सकिनेछ।

१३. पकेट क्षेत्र विकास तथा सञ्चालनः कृषि उपजको उत्पादन तथा उत्पादकत्व पहिचान गरी कृषिको व्यावसायिकरण एवं विशिष्टकरणका लागि गाउँपालिकाले भौगोलिक र प्राविधिक सम्भाव्यता र

उपयुक्तताको आधारमा कृषि तथा पशुपन्छीजन्य उत्पादन पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद-६

## कृषि सामग्रीको आपूर्ति, उपयोग र नियमन

१४. बिउ, बिजन मलखाद तथा जैविक विषादीको सहज उपलब्धताः (१) गाउँपालिकाले कृषकलाई आवश्यक उन्नत नश्ल, बिउ बिजन, कृषि औजार, जैविक विषादी, मलखाद, औषधिजस्ता कृषि सामग्रीहरू सरल र सहज ढंगबाट समयमा नै उपलव्ध गराउनेछ।

(२) रोगव्याधिको महामारी संक्रमण फैलिएका स्थलमा तत्काल दक्ष प्राविधिक खटाई रोग, महामारी संक्रमण नियन्त्रण गर्न सहयोग पुर्‍याउनेछ।

(३) उपदफा (१) बमोजिमका कृषि सामग्रीहरूको गुणस्तर र सहज उपलब्धताको सुनिश्चितताका लागि गाउँपालिकाले सेवा प्रदायक निकायहरूको उचित परिचालन, अनुगमन र नियमन गर्नेछ।

१५. कृषि सामग्री तथा बिउ विषादी नियमनः (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र बिक्री वितरण हुने कृषि सामग्री, बिउ बिजन, विषादी, नश्लको अनुगमन तथा नियमन गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा नियमनका लागि सम्बन्धित विषयको विज्ञ संलग्न गरी अनुगमन समिति वा कार्यदल बनाउन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमन तथा नियमन गर्दा कानून विपरित भएको पाइएमा समिति वा कार्यदलले कानून बमोजिम दण्ड तथा जरिवाना गर्नेछ।

## परिच्छेद-७

## भण्डारण, प्रशोधन, प्रदर्शनी स्थल, तथा बजार व्यवस्थापन

१६. कृषि उपजहरूको भण्डारण र प्रशोधनः (१) गाउँपालिकाले आपतकालीन अवस्थाका लागि कृषिजन्य वस्तुहरूको उचित भण्डारणको व्यवस्था गर्न सक्नेछ।

(२) रैथाने, लोपोन्मुख तथा स्थानीय परम्परा, संस्कृतिसँग जोडिएका बालीवस्तुको संरक्षण र प्रवर्द्धनका लागि गाउँपालिकाले बिउ बैंक, प्रजनन केन्द्र तथा विशेष संरक्षण क्षेत्रको व्यवस्था गर्न सक्नेछ।

(३) कृषि उपजको सहज उपलब्धता र बजारीकरण गाउँपालिका आफै वा सामुदायिक, निजी क्षेत्रको सहभागितामा गर्न सकिनेछ।

(४) कृषकलाई कृषि उपजको उचित मूल्य उपलब्ध गराउन, रोजगारीको अवसर सृजना गर्न कृषि उपजको प्रशोधन सम्बन्धी उद्यमलाई प्रोत्साहन गर्नेछ।

१७. कृषि तथा पशुपन्छी प्रदर्शनी र व्यापार मेला सञ्चालनः गाउँपालिकाले कृषि उपजको संरक्षण, प्रवर्द्धन, बजारीकरण, कृषकहरूलाई प्रोत्साहन र कृषि प्रविधिको प्रचार प्रसारका लागि स्थानीयस्तरमा कृषि तथा व्यापार मेला, प्रदर्शनी, खाद्य महोत्सव सञ्चालन गर्न सक्नेछ।

१८. हाट बजारको व्यवस्थाः (१) स्थानीयस्तरमा उत्पादन गरिएका कृषि तथा पशुपन्छीजन्य उत्पादनको बजारीकरणका लागि कोशेली घर, हाट बजार, संकलन केन्द्र वा सहकारी सुपथ मूल्यका पसलहरू सञ्चालनमा ल्याई आम उपभोक्तालाई उचित मूल्यमा गुणस्तरीय वस्तु तथा सेवा उपलव्धता गराउन सकिनेछ।

(२) उपदफा (१) मा उल्लेखित बजार तथा पसल सञ्चालनमा निजी क्षेत्र, समूह तथा सहकारीलाई प्रोत्साहन गर्न सकिनेछ।

(३) गाउँपालिकाले कृषिजन्य उपजको निकासी पैठारीको व्यवस्था गर्न सक्नेछ।

(४) मासुजन्य पदार्थको स्वच्छताको लागि आधुनिक वधशालाको निर्माण, सुदृढीकरण र विस्तार गरिनेछ।

## परिच्छेद-८

## किसानको वर्गीकरण, अनुदान, बिमा, कोष तथा पेन्सन सम्बन्धी व्यवस्था

१९. किसानको वर्गीकरणः (१) गाउँपालिकाले मापदण्ड निर्धारण गरी तोकिएबमोजिम कृषकको वर्गीकरण गर्न सक्नेछ।

(२) भूमिहिन कृषकलाई भू-उपयोगको मापदण्ड वनाई एकल वा सामूहिक व्यवसायको लागि करारमा जमिन उपलव्ध गराई कृषि व्यवसायमा संलग्न गराउन सकिनेछ।

२०. अनुदान र सह लगानी सम्बन्धी व्यवस्थाः (१) गाउँपालिकाले कृषि क्षेत्रको विकासका लागि कृषि सामग्री, पूर्वाधार निर्माण, बजारीकरण, प्रविधि सेवाको क्षेत्रमा कृषक र कृषक समूहलाई तोकिएबमोजिम अनुदान वा सहलगानी उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम समूह, सहकारी र निजी क्षेत्रको लागि सह लगानीको व्यवस्था गर्न सक्नेछ।

(३) माथि जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले गरीबीको रेखामुनी रहेका विपन्न महिला, दलित, जनजाति, भूमिहिन कृषकलाई तोकिएबमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ।

२१. बिमा सम्बन्धी व्यवस्थाः (१) कृषि बाली, नगदे बाली, तरकारी खेती, पशुपन्छी पालन, माछा पालन लगायत कृषि व्यवसाय गर्ने कृषकलाई तोकिएबमोजिम बिमा सुविधा उपलब्ध गराईनेछ।

२२. कृषि विकास कोषको व्यवस्थाः (१) गाउँपालिकाले कृषि तथा पशुपन्छी क्षेत्रको समग्र विकासका लागि कृषि विकास कोषको स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषबाट कृषकलाई विशेष अनुदान, सह लगानी वा विपन्न कृषकलाई अनुदानको व्यवस्था गर्न सकिनेछ।

## परिच्छेद-९

## कृषि योग्य जमीन व्यवस्थापन

२३. जग्गा भाडामा लिन दिन सक्नेः (१) भूमिहिन वा कम जमिन भएका व्यक्ति वा कृषक समूह र सहकारीलाई उत्पादन वृद्धिमा सहयोग पुऱ्याउनका लागि जग्गा भाडामा लिने दिने व्यवस्थालाई प्रवर्द्धन गर्दै आधुनिक खेती प्रणाली विकासका लागि गाउँपालिकाले जग्गा भाडामा लिने दिने पक्षबीच समन्वयात्मक भूमिका खेल्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम भाडामा दिने र लिने पक्षबीच करारमा सम्झौता भएमा भाडामा दिने जमिनका हकदारसँग तोकिएबमोजिम कर उठाइनेछ।

(३) सहकारी/समूह/निजी उद्यमी/समुदायमा आधारित संस्था वा व्यक्तिहरू मिलेर सामूहिक खेती गर्न चाहेमा गाउँपालिकाबाट स्वीकृति लिई खेती गर्न सक्नेछन्।

(४) उपदफा (३) बमोजिम खेती गर्ने पक्षहरू र जमिन भाडामा दिने पक्षले कानूनबमोजिम गाउँपालिकाले निर्धारित गरेको कर बुझाउनु पर्नेछ।

(५) खाली, ऐलानी जमिनको कृषि प्रयोजनका लागि उपयोग गर्ने सम्बन्धमा भू-उपयोग नीति बनाई कार्यान्वयन गर्न सकिनेछ।

(६) गाउँपालिका भित्र रहेका खेतीयोग्य प्रयोगमा आएका निजी/ऐलानी/गुठीका जमीन, बाँझो, पर्ति तथा अन्य सार्वजनिक तथा खाली जग्गालाई तोकिएबमोजिम प्रयोगमा ल्याइनेछ।

२४. स्थानीय चरन, खर्क विकास र व्यवस्थापनः (१) कीट तथा पशुपन्छीको विकासको लागि गाउँपालिका क्षेत्रमा उपलब्ध रहेका सार्वजनिक जमीन, खर्क वा बाँझो जमीनलाई चरन, खर्क क्षेत्र तोकी गाउँपालिकाले प्रयोगमा ल्याउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमका क्षेत्रमा चरीचरन गराउने पशुपालन गर्ने कृषकले चरन गराए वापत गाउँपालिकालाई वार्षिक रूपमा तोकिएबमोजिमको शुल्क तिर्नुपर्नेछ।

(३) कुनै व्यक्तिले जमीन बाँझो राखेमा उक्त जमीनको उपयोगको लागि गाउँपालिकाले तोकेको वार्षिक शुल्क तिर्ने गरी निश्चित अवधिको लागि करार सम्झौता गरी भाडामा लिन सक्नेछ।

(४) माथि जुनसुकै कुरा लेखिएको भएता पनि कुनै किसानले कृषियोग्य जमीन बाँझो राखेमा त्यस्ता किसानहरूलाई गाउँपालिकाले तोकिएबमोजिमको दण्ड जरिवाना गर्न सक्नेछ।

(५) गाउँपालिका क्षेत्र भित्र खुल्ला चरीचरण नियन्त्रणका लागि तोकिएबमोजिम सामुदायिक काञ्जि हाउस स्थापना गरी सञ्चालन गर्न सकिनेछ।

## परिच्छेद-१०

## विविध

२५. पानी मुहान, पोखरी, नदिनाला, स-साना कूलो संरक्षणः गाउँपालिका भित्र प्राकृतिक रूपमा रहेका पानीका मुहान, पोखरी, नदिनाला, परम्परागत कूलो, बाँधको सिंचाई तथा खानेपानी प्रयोगमा ल्याई संरक्षण गरिनेछ।

२६. जलवायु अनुकूलन र वातावरणको संरक्षणः (१) जलवायु अनुकूलनका लागि उपयुक्त प्रविधि विकासमा जोड दिई प्राकृतिक पहिचान भएका बाली, वोट, विरुवा तथा बिउ बिजनको अनुवंश, जीवको संरक्षण, संवर्द्धन, प्रवर्द्धन गर्ने दायित्व गाउँपालिकाको हुनेछ।

(२) उपदफा (१) बमोजिम संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्दा र जमीनको प्रयोग गर्दा वातावरणमा कुनै किसिमको फेरवदल हुने वा असर पार्ने कार्य नगरी वातावरणलाई दिगो रूपमा संरक्षण गर्नुपर्नेछ।

२७. अन्तर निकाय समन्वय र सहकार्यः (१) गाउँपालिका भित्रका अन्तर सरकारी निकाय र गैरसरकारी निकायबीच योजना, कार्यक्रम सञ्चालनमा दोहोरोपना नहुने गरी, समन्वय र सहकार्यमा योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना तर्जुमा तथा कार्यान्वयन गर्दा अन्तरपालिका, प्रदेश र संघीय एकाईवीच समन्वय गर्नु आवश्यक भएमा गाउँपालिकाले समन्वय र सहकार्य गर्नेछ।

२८. कृषि पर्यटनः पर्यटन प्रवर्द्धन हुने गरी व्यावसायिक कृषि सञ्चालन गर्न गाउँपालिकाले प्रोत्साहन गर्नेछ। कृषि पर्यटन प्रवर्द्धन गर्न नमूना कृषि पर्यटन स्थल घोषणा गर्न सकिनेछ।

२९. जैविक विविधता संरक्षणः जैविक विविधताको दिगो उपयोग तथा संरक्षणका लागि स्थानीय तथा रैथाने बाली र बिउहरूको सामुदायिक बिउ बैंक स्थापना गरी संरक्षण र प्रवर्द्धन गर्न सक्नेछ।

३०. आन्तरिक तथा वाह्य सहयोग लिन सक्नेः संघीय सरकारको अनुमति लिई गाउँपालिकाले आफ्नो क्षेत्रको विकासको लागि स्वदेशी वा विदेशी संघ संस्थासँग आर्थिक तथा प्राविधिक सहयोग लिन

सक्नेछ। तर गाउँपालिकाले यसरी प्राप्त रकम, सहायता सम्झौता भएको क्षेत्रमा नै प्रयोग गर्नुपर्नेछ।

३१. कृषि अध्ययन, अनुसन्धानमा पुरस्कारको व्यवस्थाः गाउँपालिका क्षेत्र भित्र कृषि तथा पशुपन्छी सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने अनुसन्धानकर्ता, कृषक, विद्यार्थीलाई प्रोत्साहन स्वरूप तोकिएबमोजिमको राशिको पुरस्कार प्रदान गर्न सकिनेछ।

३२. सामुदायिक चौपाया व्यवस्थापनः गाउँपालिकाले तोकिएबमोजिम सामुदायिक चौपायाको व्यवस्थापन गर्न सक्नेछ।

३३. पशुपन्छी अस्पतालः गाउँपालिकाले मापदण्डका आधारमा आफ्नो क्षेत्र भित्र पशुपन्छी अस्पताल स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

३४. नियम, कार्यविधि, मापदण्ड, मार्गदर्शन, निर्देशिका बनाउन सक्नेः (१) यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, मापदण्ड, मार्गदर्शन, निर्देशिका बनाई लागु गर्न सक्नेछ।

३५. कानून बमोजिम हुनेः यस ऐनमा लेखिएको विषय यसै ऐनबमोजिम र अन्य विषय प्रचलित कानूनबमोजिम हुनेछ।

३६.बचाउ तथा खारेजीः गाउँपालिकाले कृषि तथा पशुपन्छी सम्बन्धी यस अघि गरेका काम कारबाहीहरू यसै ऐनबमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

(दफा २ को खण्ड (क) सँग सम्बन्धित)

१. खाद्यान्न बाली,

२. बागवानीजन्यः फलफूल, तरकारी, मसला बाली, पुष्प

३. पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादन (मासु, दुध, फुल, हाड, छाला, ऊन)

४. घाँसेबाली

५. मत्स्यपालन,

६. च्याउ,

७. मौरी, रेशम

८. चिया, कफी, अलैची, सुपारी,

९. तेलहन, दलहन

१०. कपास, जुट, उखु, रबर खेती, टिमुर

११. काष्ठफल (वदाम, ओखर, काजु......अन्य)

१२. गैरकाष्ठ वनपैदावार

१३. कृषि पर्यटन

१४. कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औद्योगिक प्रयोजनमा हुने कृषिवस्तुहरू

१५. कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग

१६. कृषि तथा पशुजन्य उत्पादन सामग्री (दाना, मलखाद, विषादी, औषधि) आदिको प्रशोधन उद्योग

१७. खेती प्रणालीमा समाविष्ट कृषि तथा पशुजन्य बस्तुहरू।

आज्ञाले
सुरेन्द्र सिंह
प्रमुख प्रशासकीय अधिकृत